# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

**वर्ष-८, अंक-२७** **अवधिः २८ असोज — ३ कात्तिक, २०७९** **२८ असोज, २०७९**


## मौसमी सारांशः

- गत साता देशभर बर्षा भएको छ भने अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी वर्षा मापन गरिएको छ। लुम्बिनी प्रदेशको बाँके जिल्लामा रहेको नेपालगंज एयरपोर्ट केन्द्रमा सबैभन्दा बढी ४१०.२ मि.मि. वर्षा मापन भएको छ। देशको केही उच्च पहाडी भू-भागहरु बाहेकका अन्य अधिकांश भू-भागहरुमा २० डि.से. भन्दा बढी साथै मधेश प्रदेशको सिराहा जिल्लामा रहेको सिराहा केन्द्रमा सबैभन्दा बढी ३३.९ डि.से. अधिकतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम ६.६ डि.से. न्यूनतम तापक्रम मापन भएको छ।
- साताको शूरु र अन्त्यतिर प्रदेश नं-१, मधेश प्रदेश लगायत थोरै पहाडी भूभागमा आंशिक देखि सामान्य बदली रहेता पनि बाँकी स्थानहरुको मौसम सामान्यतया सफा रहने संभावना छ।
- साताको शुरु र अन्त्यतिर प्रदेश नं-१, मधेश प्रदेश लगायत थोरै पहाडी भू-भागको एक-दुई स्थानमा हल्का वर्षाको संभावना छ।
- आगामी साता घाम लागेसँगै देशको धेरै स्थानहरुको दिउँसोको अधिकतम तापक्रममा केही बृद्धि हुने र रातीको न्यूनतम तापक्रम केही घट्ने संभावना छ।
- यस वर्षको मनसुन आगामी सातामा पश्चिम नेपालवाट क्रमशः बाहिरिने संभावना छ।

## कृषि सारांश


- धानको बीउ छनोटको लागि बोट नढलेका, एकनासले पाकेका, रोग नलागेका पुष्ट बाला संकलन गरेर चुटानी गरी राम्रोसँग घाममा सुकाएर भण्डारण गर्नुहोस्।
- धान काट्ने कार्यमा लाग्ने खर्च र समय बचत गर्न उपलब्ध मेसिनहरु प्रयोग गर्नुहोस्।
- धानबालीमा खैरो फड्के कीराको प्रकोप देखिएमा इमिडाक्लोपिड १७.८ एस.सी. ४-८ एम.एल. वा थायोमिथोक्जाम २५% एस.जी. ३.२-५ ग्राम प्रति १६ लिटर पानीमा मिसाएर बोटको तल्लो भागमा पर्नेगरि छर्कनुहोस्।
- उच्चपहाडको लागि सिफारिस गरिएका गहुँका जातहरु- सुर्मा, तिला, कौटिला, पासाङ्ल्हामु, डब्लु.के. १२०४, डाँफे, स्वर्गद्वारी, मुनाल, च्याखुरा, हिमगंगा र भेरीगंगा मध्ये उपलब्ध जातको गणुस्तरिय बीउ ६.० के.जी. प्रति रोपनीको दरले लगाउनुहोस्।
- गहुँवालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न पहाडमा कार्तिक १ देखि २५ गते भित्र र तराईमा मंसिर १ देखि २५ गते भित्र गहुँ छरिसक्नुहोस्।
- तराई र भित्री मधेशको लागि सिफारिस गरिएका तोरीको जातहरुको बीउ व्यवस्था गर्नुहोस्।
- स्याउ टिपिसकेपछि पनि बोटमा कत्ले कीराको प्रकोप रहिरहने हुँदा यसको व्यवस्थापनको लागि खनिज तेल (सर्वो) १० देखी १५ एम.एल. प्रति लिटर पानीमा मिसाई कीरा लागेको स्थानमा भिज्नेगरि सात-सात दिनको अन्तरालमा तीनपटक छर्कनुहोस्।
- तराईमा बिँयाबाट आलु खेती गर्नको लागि टि.पि.एस.-१ र टि.पि.एस.-२ जातको आलुको बिँया ३.५ ग्राम प्रति कठ्ठाको दरले नर्सरी राख्नुहोस्।
- भित्री-मधेश, खोंच तथा बेंशीको लागि खुमल उपहार, खुमल उज्वल, खुमल लक्ष्मी, खुमल रातो २, आईपिवाई ८, कुफ्रि सिन्दुरी, डेजिरे, कार्डिनल, एम.एस. ४२.३ मध्ये उपलब्ध आलुका जातहरूको गुणस्तरीय बीउ रोप्नुहोस्।
- गोलभेडाको अगौटे डढुवा रोग ब्यबस्थापनको लागि मेन्कोजेवयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीको दरले ८-१० दिनको फरकमा २-३ पटक सम्म सम्पूर्ण पातहरु भिज्नेगरि छर्कनुहोस्।
- आगामी साता न्यूनतम तापक्रम घटेसँगै रातीको समयमा चिसो बढ्दै जाने हुँदा स-साना पशुवस्तुहरु लाई रातीको समयमा बाहिर खुल्ला नछोड्नुहोस्। दिउँसोको समयमा बाहिर खुल्लारुपमा राखिए पनि रातको समयमा राख्नको लागि खोर-गोठ तयार पार्नुहोस्।
- कृषि र पशु सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक सोमबार दिँउसो २ देखि ४ बजेसम्म फोन गर्नुहोस्।
- कृषि-मौसम सल्लाह बुलेटिन नेपाल टेलिभिजनको NTV NEWS Channel बाट प्रत्येक शनिबार बेलुका ८ बजेको समाचारपछि प्रसारण हुने गर्दछ। यसको पुनः प्रसारण आईतबार बिहान ७ बजेको समाचारपछि पनि हेर्न सकिन्छ।

# गत हप्ता (२१-२७ असोज, २०७९) को मौसमी सारांश





**साप्ताहिक कुल वर्षाः** ६५ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार गत साता देशको अधिकांश भू-भागहरुमा वर्षा मापन भएको छ। वर्षा मापन भएका धेरैजसो केन्द्रहरुमा सरदर भन्दा बढी वर्षा मापन गरिएको छ। सुदूरपश्चिम प्रदेश बाहेकको अन्य धेरैजसो भू-भागहरुमा ५० मि.मि. भन्दा बढी बर्षा मापन भएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये सबैभन्दा बढी गण्डकी प्रदेशको कास्की जिल्लामा रहेको लुम्ले केन्द्रमा ३७७.३ मि.मि. वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक कुल वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रमः** ७७ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका धेरैजसो केन्द्रहरुमा सरदर र सरदर भन्दा बढी तापक्रम मापन भएको छ। देशको केही उच्च पहाडी भू-भागहरु बाहेकका अन्य अधिकांश भू-भागहरुमा २५.० डि.से. भन्दा बढी तथा तराईको अधिकांश भू-भागहरुमा ३०.० डि.से. भन्दा बढी तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको नवलपुर जिल्लामा रहेको दुम्कौली केन्द्रमा सबैभन्दा बढी ३६.७ डि.से. तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रमः** ७८ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशको अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी तापक्रम मापन भएको छ। धेरैजसो उच्च पहाडी भू-भागहरुमा १० डि.से. भन्दा कम तथा तराईका केही भू-भागहरुमा २५.० डि.से. भन्दा बढी तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मुस्ताङ जिल्लामा रहेको जोमसोम केन्द्रमा सबैभन्दा कम ६.२ डि.से. तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत न्यूनतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

*__नोटः__ (क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धीत हप्ताको औसतमा १० प्रतिशत भन्दा कम देखी १० प्रतिशत भन्दा बढीको वर्षालाई जनाउँछ।*

*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धीत हप्ताको औसतमा ०.२ डि.से. भन्दा कम देखी ०.२ डि.से. भन्दा बढीको तापक्रमलाई जनाउँछ।*

*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रवार देखी विहिवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहिवार देखी बुधवार सम्मको तथ्याङ्कलाई लिएर नक्सा तयार गरिएको छ।*

## आगामी साता (२८ असोज — ३ कात्तिक, २०७९) को मौसमी परिदृष्य

| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा / हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था (सफा,आंशिक, सामान्य, पूर्ण) | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश नं १** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/हिमपात | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको शुरू र अन्त्यतिर आंशिक देखि सामान्य बदली भई थोरै स्थानहरूमा हल्का वर्षा/ हिमपातको संभावना रहेको छ। |
| | पहाड | हल्का वर्षा | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको शुरू र अन्त्यतिर आंशिक देखि सामान्य बदली भई थोरै स्थानहरूमा हल्का वर्षा/ हिमपातको संभावना रहेको छ। |
| | तराई | हल्का वर्षा | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको शुरू र अन्त्यतिर आंशिक देखि सामान्य बदली भई थोरै स्थानहरूमा हल्का वर्षा/ हिमपातको संभावना रहेको छ। |
| **मधेश प्रदेश** | तराई | हल्का दवर्षा | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको शुरू र अन्त्यतिर आंशिक देखि सामान्य बदली भई थोरै स्थानहरूमा हल्का वर्षाको संभावना रहेको छ। |
| **वागमती प्रदेश** | हिमाल/ उच्च पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | |
| | पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको शुरु र अन्त्यतिर आंशिक देखि सामान्य बदली भई एक-दुई स्थानमा हल्का वर्षाको संभावना रहेको छ। |
| | तराई | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बदल लाग्ने | | |
| **गण्डकी प्रदेश** | हिमाल/ उच्च पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | |
| | पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको अन्त्यतिर आंशिक देखि सामान्य बदली भई एक-दुई स्थानमा हल्का वर्षाको संभावना रहेको छ। |
| | तराई | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | |
| **लुम्बिनी प्रदेश** | पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको अन्त्यतिर आंशिक देखि सामान्य बदली भई एक-दुई स्थानमा हल्का वर्षाको संभावना रहेको छ। |
| | तराई | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्च पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | |
| | पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको अन्त्यतिर आंशिक देखि सामान्य बदली भई एक-दुई स्थानमा हल्का वर्षाको संभावना रहेको छ। |
| **सुदूर पश्चिम प्रदेश** | हिमाल/ उच्च पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | |
| | पहाड | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | साताको अन्त्यतिर आंशिक देखि सामान्य बदली भई एक-दुई स्थानमा हल्का वर्षाको संभावना रहेको छ। |
| | तराई | | हल्का बढ्ने | हल्का घट्ने | आंशिक बादल लाग्ने | | |

*नोटः साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमान सम्बन्धी विस्तृत जानकारीको लागी हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.mfd.gov.np हेर्नुहोस्।*

# कृषि सल्लाह

## खाद्यान्नबाली

- धान काटेर भिजेको भए बाला छिटो सुकाउन नल (पराल) बाट छुट्याउनुहोस्। चुटिसकेको धानलाई बेला-बेलामा चलाई घाममा सुकाउने वा उपलब्ध धान सुकाउने मेशिनहरु प्रयोग गर्नुहोस्। भिजेको धानलाई मिलसँग समन्वय गरी बिक्रि गर्ने वा उसिना चामल बनाउने वा चिउरामा प्रयोग गर्ने व्यवस्था मिलाउनुहोस्।
- धानको बीउ छनोटको लागि बोट नढलेका, एकनासले पाकेका, रोग नलागेका पुष्ट बाला संकलन गरेर चुटानी गरि राम्रोसँग घाममा सुकाएर भण्डारण गर्नुहोस्।
- बीउ भण्डारणको लागि सुपर ब्यागको प्रयोग गर्नुहोस्। सुपर ब्याग उपलब्ध नभएको अवस्थामा हावा नछिर्ने भाँडो (मेटल बीन, घ्याम्पो, भकारी, आदी) मा राखी बीउ भण्डारण गर्नुहोस्।
- धानको दानामा दुध पसिसकेपछिको अवस्था (Dough stage) पछि विषादी प्रयोग नगर्नुहोस्।
- धानबालीमा लाग्ने डढुवा रोग (Bacterial Leaf Blight) लागेमा पानी जम्न नदिने, बोटलाई सकभर घाउचोट लाग्नबाट बचाउने, धानको टुप्पा भाँच्ने र एग्रीमाइसिन-१००; २ ग्राम प्रति ३ लिटर पानीको दरले ८-१० दिनको फरकमा २-३ पटकसम्म मिलाई छर्कनुहोस्।
- धानबालीमा खैरो फड्के कीराको क्षतिको पहिचान र व्यवस्थापन बारे अनुसूची-२ मा विस्तृतमा दिईएको छ।
- धानखेतमा पतेरो कीरा (Rice Gundhi bug) ले धेरै नोक्सानी गर्ने भएकोले नियमीत अनुगमन गर्नुहोस्। धानबालीमा बाला पसाएपछि दुध भरिने अवस्थामा यसको प्रकोप प्रत्येक बर्ष देखिने गरेको छ। एउटा धानको गाँज (हिल) मा १ वटा बयस्क पतेरो कीरा देखिएमा व्यवस्थापन बिधिहरु अपनाउनुहोस्। नोक्सानी कम गर्नको लागी खेतभित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको बैकल्पिक आश्रय नष्ट गर्ने; प्रकाश पासोको प्रयोग गरि बयस्क कीरालाइ मार्ने; डर्टी ट्रयाप (Dirty trap) को प्रयोग गर्नुहोस्। स्थानीयरुपमा डर्टी ट्रयाप बनाउन गाई, भैंसीको ताजा पिसावमा कपडा वा जुटको बोरालाई भिजाएर एउटा लठ्ठीको छेउमा बाँध्ने र उक्त लठ्ठीलाई धानबारीको बीचमा लगेर गाड्ने गर्नुहोस्। ट्रयापमा आकर्षित भएका पतेरोहरुलाई बाहिरपट्टिबाट प्लाष्टिकको झोलाले छोपी संकलन गरी मार्नुहोस्। यो कीराको प्रकोप ज्यादा भएमा मालाथियान (Malathion ५०% EC) २ मिलिलिटर प्रति लिटर अथवा साइपरमेथ्रीन (Cypermethrin २५% EC) ०.५ एम.एल. प्रति लिटर पानीका दरले विरुवा राम्ररी भिज्नेगरि साँझको समयमा छर्नुहोस्।



- धान काट्ने कार्यमा लाग्ने खर्च र समय बचत गर्न उपलब्ध मेसिनहरु प्रयोग गर्नुहोस्।



चित्रः ट्रेक्टर चालित रीपर



चित्रः कम्बाईन हार्वेस्टर



चित्रः स्वचालित रीपर



चित्रः ब्रस कटर



- कम्बाईन हार्भेष्टरले धान काट्दा खेतमा छोडेको पराल जलाउदा खेत र वातावरणमा प्रतिकुल प्रभाव पार्ने तथा पशु आहारामा समेत असर पार्ने हुँदा बेलर मेसिन अथवा अन्य विधिहरु बाट पराल जम्मा गर्नुहोस्। साथै यस्ता खेतमा टर्बो सिडर प्रयोग गरी गहुँ छरी लागत खर्च घटाउनुहोस्।
- तराई तथा भित्री मधेशको लागि हिउँदे मकैका सिफारिस जातहरु- मनकामना-१, अरुण -३, अरुण -४, अरुण -६, खुमल हाइब्रिड-२, रामपुर हाइब्रिड -२, रामपुर हाइब्रिड -४, रामपुर हाइब्रिड -६, रामपुर हाइब्रिड -८, रामपुर हाइब्रिड -१० र पोसिलो मकै-२ मध्येबाट बीउको छनौट गरि हाईब्रिडका लागि १.०-१.२५ के.जी. प्रति रोपनी वा ०.६-०.८ के.जी. प्रति कट्ठा र अन्य जातका लागि १-१.५ के.जी. प्रति रोपनी वा ०.६-१.० के.जी. प्रति कट्ठा बीउको दरले हाईब्रिडका लागि ६० x २५ र अन्यका लागि ७५ x २५ सेन्टिमिटर क्रमशः हार देखि हारको र बोट देखि बोटको दूरी कायम गरि रोप्नुहोस्।
- हिउँदे मकै लगाउन जग्गा तयारीको बेला ५०० के.जी कम्पोष्ट; २.० के.जी. युरिया (हाईब्रिडको लागि २.७ के.जी.); ४.४ के.जी. डि.ए.पी.; २.२ के.जी. म्यूरेट अफ पोटास र ०.८ के.जी. जिङ्क सल्फेट प्रति कट्ठाका दरले माटोमा राम्ररी मिलाउनुहोस्।
- हिउँदे मकैबालीमा अमेरिकी फौजी कीरा (Spodoptera frugiperda) बाट हुने क्षती कम गर्नको लागि गहिरो गरेर जमीन खनजोत गर्ने, खोस्टाले राम्रोसँग घोगा छोपिने जातहरु लगाउने, समयमै रोप्ने, निश्चित ठाउँमा सबैले एकै समय वा एक

- हप्ताभित्र नै मकै रोप्ने, मकैमा अन्तर बालीको रुपमा कोसेबाली लगाउने गर्दा यस कीराको प्रकोप कम हुन्छ। साथै यस कीराले डेस्मोडियम घाँस मन नपराउने हुनाले मकैको बिच-बिचमा यो घाँस र छेउछेउमा यस कीरालाई मनपर्ने नेपियर घाँस लगाएर कीरालाई आकर्षित गरि मार्न सकिन्छ। सिफारिस मात्रामा मल प्रयोग गरी बिरुवालाई स्वस्थ्य बनाउने जस्ता उपायहरु अपनाउनुका साथै मकैको दुई पाते अवस्थाबाट नै यस कीराको नियमित अनुगमन गर्नुहोस्।
- उच्चपहाडको लागि सिफारिस गरिएका गहुँका जातहरु- सुर्मा, तिला, कौटिला, पासाङ्ल्हामु, डब्लु.के. १२०४, डाँफे, स्वर्गद्वारी, मुनाल, च्याखुरा, हिमगंगा र भेरीगंगा मध्ये उपलब्ध जातको गणुस्तरिय बीउ ६.० के.जी. प्रति रोपनीको दरले लगाउनुहोस्।
- गहुँ लगाउन जग्गा तयारीको बेला आवश्यक मात्राको मलखाद कम्पोष्ट वा गोठेमल ५०० के.जी., डि.ए.पी. ४.४ के.जी., युरिया २.७ के.जी., र म्युरेट अफ पोटास ३.४ के.जी. प्रति रोपनीका दरले माटोमा राम्ररी मिलाउनुहोस्।
- गहुँबालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न पहाडमा कार्तिक १ देखि २५ गते (नोभेम्बर १०) भित्र र तराईमा मंसिर १ देखि २५ गते (डिसेम्बर १०) भित्र गहुँ छरिसक्नुहोस्। पहाडका लागि सिन्दुरे रोग अवरोधी बीउहरुः स्वर्गद्वारी, मुनाल, च्याखुरा तथा तराईका लागि बाणगंगा, बि.एल. ४३४१, एन.एल. ९७१, आदित्य जातका बीउ उपचार गरेर मात्र छर्नुहोस्।
- तराई र भित्री मधेशको लागि सिफारिस गरिएका तोरीको जातहरु विकास, प्रगति, उन्नति, प्रिती, मोरङ् तोरी-२, सुर्खेत स्थानिय तोरी -३ तथा नवलपुर स्थानिय-४ मध्ये उपलब्ध जात ०.५ के.जी. प्रति रोपनी वा ०.३४ के.जी. प्रति कट्ठा बीउका दरले उपचार गरिएको (२-३ ग्राम वेभिष्टिन प्रति के.जी. बीउका दरले) बीउको व्यवस्था गर्नुहोस्।

## फलफूल बाली

- किविको कटिङ्ग बिरुवा भन्दा कलमी बिरुवा रोप्दा फलको उत्पादन बढी तथा गुणस्तर राम्रो हुने हुँदा कलमी बिरुवा मात्र रोप्नुहोस्।
- अम्बामा हरेक वर्ष दादे रोग लाग्ने गरेको छ भने आउने वर्षहरुमा यो रोग लाग्न नदिन बोटको रोगी हाँगा र फललाई टिपेर सुरक्षित तरिकाले जलाउनुहोस् वा खाल्डोमा पुरिदिनुहोस्।
- केराको बोट ओइलाउने (पानामा रोग) देखिएमा रोग लागेको बोट विरुवा उखेलेर हटाउने, नयाँ विरुवा सार्नको लागि रोग नलागेको क्षेत्रबाट ल्याउने तथा कार्बेन्डाजिम (बेभिष्टिन) १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिजाउने तथा पातमा छर्कनुहोस् वा कपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीमा घोली बोट र जरा भिज्नेगरि वर्षा सकिएर घाम लागेपछि छर्कनुहोस्।
- केराको फलमा कोत्रे कीराले कोतरेर फलको गुणस्तर घटाउने हुनाले यसबाट प्रभावित बगैंचामा भएका बुङ्गोलाई बोरा अथवा प्लाष्टिकले बेर्ने वा बेलुकाको समयमा गाईको गहुँत १ भाग र ५ भाग पानी मिसाएर राखेको झोल वा कुनै नीमजन्य बिषादी ५ एम.एल. प्रति लिटर पानीमा मिसाई फल लागेको ठाउँमा छर्कनुहोस्।



**चित्रः केरामा कोत्रे कीराको क्षति**

- यस समयमा केरामा गबारो कीरा लाग्न सक्ने भएकोले नियमित अनुगमन गर्नुहोस्। गवारो देखिएमा बगैंचाको सर-सफाई गर्ने, घारि काटिसकेपछिका ठुटाहरुलाई नष्ट गर्ने वा बोटको कापमा वा गुवोमा क्लोरपाइरिफस ४% जी. (डर्सवान) ५ ग्राम राख्नुहोस्। गवारो कीरालाई पासोको प्रयोग गरेर पनि नष्ट गर्न सकिन्छ, यसको लागि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर तीनवटा टुक्रा-टुक्राको विचमा स-सानो ढुङ्गा (कंक्रिट) राखेर पासो तयार पार्ने र ठाँउ-ठाँउमा राखेर प्रत्येक दिन यसको अवलोकन गरी पासोमा परेको कीरा नष्ट गर्नुहोस्।
- सुन्तलाजात फलफूलको बोटको टुप्पो सुक्दै आउने, जरा र फेद कुहिने, पँहेलिने, बोट मर्ने रोग देखिएमा यसको व्यवस्थापनको लागी निम्न विधिहरु अपनाउनुहोस्।
  - रोगी बोटहरुको पातको नमूना लिई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट), खुमलटारको प्रयोगशालामा सिट्रस ग्रिनिंग रोग लागे-नलागेको परिक्षण गराउनुहोस्।

- उक्त पात, मुनाहरुको अर्को नमूनालाई राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार वा माटो तथा मल परीक्षण प्रयोगशालामा पठाई सुक्ष्म खाद्यतत्वहरुको जाँच गराउनुहोस्।
- सुन्तलाजात फलफूलहरुमा जरा कुहिने रोगको व्यवस्थापनको लागि १% बोर्डो मिश्रण बोटको वरिपरि वर्षा सकिएर घाम लागेपछि ड्रेन्चिङ गर्नुहोस्।
- सुन्तलाको फेद कुहिने समस्याको लागी एन्टिरट १०-१५ एम.एल. प्रति लिटर पानीमा घोली वृद्दि भइसकेको पातमा १२ लिटर प्रति बोटको दरले बोटको पुरै पात भिज्नेगरी वर्षा सकिएर घाम लागेपछि छर्कनुहोस्। यदि १ वर्ष पुरानो बोट हो भने ५-१० एम.एल. प्रति लिटर पानीमा घोली छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोगको व्यवस्थापनको लागी जीवाणुको संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई मट्टितेलको प्रयोग गरी जलाई दिनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराईड ३ ग्राम र कासु वी (कासुगामाइसिन) १ ग्राम विषादी १० लिटर पानीमा मिसाई १५ दिनको फरकमा वर्षा सकिएर घाम लागेपछि छर्कनुहोस्।

**<u>बोटको विभिन्न भागमा देखिने क्यांकरका लक्षणहरु</u>**


शुरुवाती अवस्था


डाँठमा


पातमा


फलमा



- आँपको पातमा जालो बनाउने (Mango leaf webber) कीराको नियमीत अनुगमन गर्नुहोस्। जालो देखिएमा लट्ठी वा ब्रसको सहायताले जालो हटाउनुहोस्; कीराले क्षति गरेको हाँगाहरु नष्ट गर्नुहोस् र नीमजन्य विषादीहरु प्रयोग गर्नुहोस्।
- स्याउ टिपिसकेपछि पनि बोटमा कत्ले कीराको प्रकोप रहिरहने हुँदा यसको व्यवस्थापनको लागि खनिज तेल (सर्वो) १० देखी १५ एम.एल. प्रति लिटर पानीमा मिसाई कीरा लागेको स्थानमा भिज्नेगरि सात-सात दिनको अन्तरालमा तीनपटक छर्कनुहोस्।

## तरकारी बाली

- उच्चपहाडमा भण्डारण गरिएको आलु समय-समयमा निरीक्षण गरी कुहिएको आलु हटाउनुहोस्।
- मध्यपहाडमा बीउका लागि लगाइएको आलुबालीमा लाही कीराको प्रकोप देखिएमा फ्लोनिकामिड ५०% डब्लु.जी., १ ग्राम ३ लिटर पानीको दरले आलुको सम्पूर्ण बोट भिज्नेगरी छर्कनुहोस्।
- मध्यपहाडमा भदौमा लगाएको आलुबालीमा पछौटे डढुवा रोगको नियमित अनुगमन गर्नुहोस्। पछौटे डढुवाको संक्रमण भएमा आलुबालीको पात, डाँठ तथा मुनामा चित्रमा देखाएजस्ता लक्षणहरू देखा पर्दछन्। डढुवा रोगको शुरूको अवस्थामा मेन्कोजेब ७५% डब्ल्यु.पी. २ ग्राम प्रति लिटर पानीमा मिसाइ बोटको सम्पुर्ण भाग भिज्नेगरी छर्कनुहोस्। प्रकोप बढी भएमा एक्रोब्याट (डाइमेथोर्फ ५०% डब्ल्यु.पी.) वा सेक्टिन (फेनामेडोन १०% + मेन्कोजेब ५०% डब्ल्यु.जी.) १.५ ग्राम प्रतिलिटर पानीमा मिसाइ बोटको सम्पुर्ण भाग भिज्नेगरी छर्कनुहोस्।



चित्रः आलुको पात तथा मुनामा पछौटे डढुवाको लक्षण

- मध्य पहाडको बारी जग्गामा भदौमा लगाइएको बीउ आलुलाई रगिंग गर्नुहोस्। रगिंग गर्दा भाइरस लागेका, रोगी, बेजातका र कमजोर र मसिना विरुवाहरु (दाना लागिसकेका भए उक्त दानाहरु समेत) उखेलेर हटाउनुहोस्।
- मध्य पहाडमा लगाइएको ३०-३५ दिन भैसकेको आलुबालीमा ४.३ के.जी. युरिया प्रति रोपनीका दरले टपड्रेस गर्नुहोस्।
- तराई, भित्री-मधेश तथा बेंशीमा बिँयाबाट बेर्ना तयार गरी आलु उत्पादन गर्नको लागि सिफारिस जात टि.पी.एस. १ (HPS II/६७) र टि.पी.एस. २ (HPS ७/६७) को बिँया ४ देखि ५ ग्राम प्रति रोपनीका दरले नर्सरीमा रोप्नुहोस्। ५ ग्राम विँयाको लागि २५ देखि ३० वर्गमीटरको नर्सरी ब्याड तयार गर्ने समयमा ५०० के.जी. कम्पोष्ट, ५०० ग्राम डि.ए.पी., ५०० ग्राम म्युरेट अफ पोटास र ३५० ग्राम युरिया राम्रोसँग माटोमा मिलाउनुहोस्। नर्सरीमा २५ से.मी. को फरकमा लाईन बनाई उक्त लाईनमा प्रत्येक ४ से.मी. फरकमा २ वटा बिँया खसाली कम्पोष्ट मलले ढाकेर छापो राख्नुहोस् र सिंचाइ गर्नुहोस्। बिँया उम्रन थालेपछि छापो हटाउनुहोस् र १५ दिनपछि एक ठाँउमा दुबै बिँया उम्रेको भए नराम्रो बेर्ना हटाई एउटा मात्र बेर्ना कायम राख्नुहोस्।
- तराई, भित्री-मधेश तथा बेंशीमा शित भण्डारणबाट निकाली राम्रोसँग टुसाएका खुमल उपहार, खुमल उज्वल, खुमल विकास, खुमल लक्ष्मी, खुमल रातो २, आईपिवाई ८, कुफ्रि सिन्दुरी, डेजिरे, कार्डिनल, एम.एस. ४२.३ मध्ये उपलब्ध जातहरूको गुणस्तरीय बीउ आलु रोप्नुहोस्। जग्गा तयारीको बेलामा ७५० के.जी. कम्पोष्ट, ७.३ के.जी. डिं.ए.पी., १.५ के.जी. युरिया र ३.३ के.जी. एम.ओ.पी. प्रति कठ्ठाका दरले माटोमा मिलाउनुहोस्।
- सकभर मझौला खालको (२५ देखि ५० ग्राम तौल भएको) सिंगो बीउ आलु रोप्नुहोस्। तर बीउ आलु ठुलो भई नकाटी नहुने अवस्थामा मात्र खायन आलु उत्पादनको लागि उपलब्ध टुसा (आँखा) को संख्या हेरी कम्तीमा दुई वटा टुसा रहने गरी काटेर रोप्नुहोस्। रोप्ने बेलामा काटेर सोझै रोप्दा काटेको ठाँउबाट रोग कीराको संक्रमणका साथै माटोमा अत्याधिक चिस्यान भएमा कुहिने संभावना भएकोले रोप्नुभन्दा २/३ दिन अगाडि काट्नुहोस्। काटिसकेपछि बेभिष्टिन २ ग्राम प्रतिलिटरको झोलमा ५ मिनेट डुबाइएर उपचार गरी घाम नपर्ने र राम्ररी वायुसंचार हुने उज्यालो कोठामा फिंजाएर राख्नुहोस्।
- हिउँदे तरकारीहरुको नर्सरी ब्याड तयार गर्दा जग्गा खनजोत गरि १ भाग फर्मालिन ५० भाग पानीमा घोली जमिन भिज्नेगरि हालेर चित्रमा देखाइए जस्तै प्लास्टिकले ७ दिनसम्म ढाकि माटो उल्टाई पल्टाई गर्नुहोस्।
- तरकारी बालीको ब्याड राख्ने जग्गाको माटोको उपचार गर्नुपरेमा बेभिष्टीन ६ ग्राम प्रति लिटर पानीमा मिसाई बीउ राख्नु ३-४ दिन अगाडी छर्कनुहोस्।
- प्याजको सेट उत्पादनको लागि नासिक ५३ वा नासिक रेड जातका बीउ ४ अंगुलको फरकमा १ इन्च जति गहिरो लाइन कोरी ४५-५० ग्राम प्रति मिटरमा बाक्लो गरी छर्नुहोस् र फुक्का माटो वा नरिवलको जटाले बनाईएको मधुमास (कोको पिट) ले हल्का छोप्नुहोस्।

- मध्यपहाडी जिल्लाहरुमा पछौटे जात साथै बेंशी र तराईका क्षेत्रमा खुमल ज्यापु काउलीको बीउ लगाउने समय भएकोले नर्सरी राख्दा १ बित्ता (१५-२० से.मी.) अग्लो ब्याड बनाई ४ अँगुलको फरकमा लाइन कोरेर पातलो गरि बीउ राखि हल्का माटोले पुरेपछि छापो राख्नुहोस्। झरी पर्ने समयमा बेर्नालाई जोगाउन प्लाष्टिकको छापो प्रयोग गर्नुहोस्।
- तरकारी बालीको बेर्ना सार्ने समय भएको हुँदा काउली, ब्रोकाउलीको लागि लाईन र लाईन बीचको दूरी करीब ६० से.मी. र बन्दाको लागि लाईन र लाईन बीचको दूरी करीब ४० से.मी. हुने गरि रोप्नुहोस्। यसरी रोप्दा गोडमेलको समयमा झार उखेल्ने औजार (Dry land weeder) प्रयोग गरि लागत तथा समयको बचत गर्न सकिन्छ।


चित्रः झार उखेल्ने औजार

- २०-२५ दिन पुगेको रायोको बेर्ना मुख्य प्लटमा सार्नुहोस्।
- बेर्ना सारेको १५-२० दिन भएको तरकारी बालीहरुमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस्।
- मिनो अर्लि, प्युठाने रातो वा हाईब्रिड जातका मूलाको बीउ लगाउनुहोस्।
- यो समयमा बकुल्ला सिमी लगाउनु भएमा लाही कीराको प्रकोप कमी हुने हुँदा बढी आम्दानी लिन सकिन्छ।
- लसुन उत्पादनको लागी लसुनको बीउ (पोटी) वर्षा सकिएर घाम लागेपछि रोप्नुहोस्।
- प्याजको सेट उत्पादनको लागि नासिक ५३ वा नासिक रेड जातका बीउ ४ अंगुलको फरकमा १ इन्च जति गहिरो लाइन कोरी ४५-५० ग्राम प्रति मिटरमा बाक्लो गरी छर्नुहोस् र फुक्का माटोले हल्का पुर्नुहोस्।
- तरकारी बालीको ब्याड राख्ने जग्गाको माटोको उपचार गर्नुपरेमा बेभिष्टीन ६ ग्राम प्रति लिटर पानीमा मिसाई बीउ राख्नु ३-४ दिन अगाडी छर्कनुहोस्।
- बोरोन (सुक्ष्म खाद्यतत्व) को कमीले काउली बालीमा देखिने खैरो धब्बाको उपचारको लागि बोरेक्स १ के.जी. प्रति रोपनीको दरले जग्गा तयारी गर्दा प्रयोग गर्नुहोस्।
- भण्टाको डाँठ तथा फलको गबारो व्यवस्थापनको लागी गवारोको कारण ओईलएको मुन्टा, पात तथा फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने गर्नुहोस्।
- खुर्सानीको बोट ओइलाउने रोग तथा अलैंची र अदुवा बालीमा गानो कुहिने रोगको व्यवस्थापनको लागि पानीको निकासको उचित प्रवन्ध मिलाउनुहोस्।
- गोलभेडाको अगौटे डढुवा रोग ब्यबस्थापनको लागि मेन्कोजेवयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीको दरले ८-१० दिनको फरकमा २-३ पटक सम्म सम्पूर्ण पातहरु भिज्नेगरि छर्कनुहोस्।

## अन्य

- उखुबालीमा क्षती पुर्याउने विभिन्न गवारो कीराहरुको व्यवस्थापनको लागी ट्राइकोग्रामा परजीवी कीरा १००,००० (१० x ५ से.मी. को पाँचवटा ट्राइको-कार्ड) प्रति हेक्टरका दरले १० दिनको अन्तरालमा ४-५ पटक छोड्नुहोस् (ट्राइको-कार्डको लागी नजिकको चिनी मिल वा कृषि सम्बन्धी कार्यालयहरुमा सम्पर्क गर्नुहोस्)।
- उखुको पातको फड्के कीरा (Pyrilla sp.) को प्रकोप व्यवस्थापनको लागि पानी निकासको व्यवस्था मिलाउनुका साथै रोगी बोटको तल-तलका खुकुला, पुराना सुकेका पातहरु हटाउनुहोस्।


फड्के कीराको बयस्क


पातमा लागेको फड्के कीरा

- मौरी घारमा खाना (मह र पराग) छ छैन नियमित अनुगमन गर्नुहोस्। यो समयमा मौरीलाई चरन कम हुने भएकोले चिनी चास्नी बनाएर खुवाउनुहोस्। साथै घार राखेको सबै खुट्टाहरुमा कचौरा/प्लाष्टिकको बट्टामा पानी राख्नुहोस्।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। तापक्रम र आर्द्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul brood disease) लाग्ने संभावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।

## पशुपालन

### गाई, भैंसी, भेडा, बाख्रा

- आगामी साता न्यूनतम तापक्रम घटेसँगै रातीको समयमा चिसो बढ्दै जाने हुँदा स-साना पशुवस्तुहरु लाई रातीको समयमा बाहिर खुल्ला नछोड्नुहोस्। दिउँसोको समयमा बाहिर खुल्लारुपमा राखिए पनि रातको समयमा राख्नको लागि खोर-गोठ तयार पार्नुहोस्।
- भैंसीहरुले यो समयमा राँगो खोज्ने र सहि समयमा राँगो लगाएमा बाली जानुपर्छ। तसर्थ उमेर पुगेको तर राँगो नखोजेको पाडीहरु छन् भने दक्ष प्राविधिकद्वारा अबिलम्ब तिनीहरुको स्वास्थ्य जाँच गराई आवश्यक उपचार शुरु गरिहाल्नुहोस्। साधारणतया नाम्ले, माटेको उपचार गरी सुक्ष्म खनिजहरुको परिपुर्ति पश्चात सहि समयमा पाडीले राँगो खोजेको थाहा पाउन सकेमा बाली जाने संभावना बढि रहन्छ। पाडी-भैंसींहरुले गाईहरुले जस्तै साँढे खोजेको लक्षण स्पष्टरुपमा नदेखाउने हुँदा, सहि समय थाहा नपाउनाले पनि धेरैजसो अवस्थामा पाडी-भैंसीहरु राँगो लगाउनबाट छुट्ने हुँदा सो तर्फ किसानहरु बिशेष चनाखो रहनुपर्छ।
- चाडवाडको बेला मासुको लागि काटिने खसि, बोका, राँगा आदिको शरिरभित्र पानीको फोका जस्तो अंङ्गहरु भेटिएमा, त्यस्ता फोकाहरु कुकुर, बिरालो आदिलाई नखुवाउनुहोस्। यस्ता फोकाहरु फित्ते जुकाका सिस्टहरु हुन सक्ने र कुकुर, बिरालो आदिले खाएमा ती पशुहरुले जुकाको जिवन चक्र पूरा गर्न महत्वपुर्ण भुमिका खेली यस्ता जुकाहरु मानिसमा पनि सार्न सक्ने हुनाले यस्ता पानी फोकाहरुलाई आगोमा जलाई नष्ट गर्नुहोस्।
- बाख्राको मोओलाको लागी ५% पोभीडन आयोडिन वा १% कपर सल्फेट वा २% बोरिक एसिडको झोल वा १% पोटासको घोलले मुख वरपरको घाउ सफा गर्नुहोस्। मोओलाको भाइरस घाउ, चोटपटक लागेको वा काटेको ठाँउबाट मानिसमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाख्रालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नुहोस्।
- बाख्रामा देखिने कुम्री (ढकेरी) रोगको रोकथाम गर्न साउन देखी कात्तिकसम्म मासिक रुपमा प्रत्येक बाख्रालाई एक चक्की डाईईथाइल कार्बामाजिन (डी.ई.सी-१०० एम.जी.) खुवाउनुहोस्। ढकेरी लागेका बाख्राको हकमा दैनिक एक चक्की सात दिनसम्म खुवाउनुहोस् साथै भिटामिन बी कम्पलेक्सको सुई २-३ दिनसम्म दैनिक रुपमा लगाउनुहोस्।

### कुखुरा, हाँस, बंगुर

- आगामी साता न्यूनतम तापक्रम घटेसँगै रातीको समयमा चिसो बढ्दै जाने हुँदा, कुखुराको खोरको एक तर्फको पाल बन्द गर्ने व्यवस्था मिलाउन शुरु गर्नुहोस्। पुरानै पाल प्रयोग गर्ने योजना भए त्यसलाई राम्रोसँग पानीले पखाली, किटनाशक, जिवाणुनाशक र बिषाणुनाशक रसायनहरु स्प्रे गरी घाममा सुकाएर मात्र प्रयोग गर्नुहोस्। चिसो बढेसँगै कुखुराका चल्लाहरु ब्रुडिङ गर्न कठिन हुने हुँदा स-साना घरेलु कुखुरा फार्महरुमा यथाशिघ्र नयाँ चल्ला हाल्नुहोस्। निकट भविष्यमा नै नयाँ चल्ला हाल्ने योजना छैन भने फागुन महिना भन्दा अघि चल्ला ब्रुडिङ गर्ने योजना नबनाउनुहोस्। तर ब्रुडिङ कठिनाई नभएका ठूला व्यवासायिक फार्महरुमा भने जुनसुकै समयमा पनि नयाँ चल्ला हाल्न सकिन्छ।

- स्थानीय खुल्लारुपमा पालिएका कुखुराहरुलाई रानीखेत रोग विरुद्ध एफ१ एन.डी. क्लोन जातका खोप शुद्ध पानीमा घोलेर खुवाउनुहोस्। यसरी खुवाउँदा १ ग्राम प्रति लिटर पानीका दरले स्किम मिल्क पाउडर पनि सँगै खुवाउनुहोस्।

## मत्स्यपालन

- माछापोखरीको पानीको पि.एच. लाई सन्तुलन राख्न समय-समयमा मापन गर्नुहोस्। पानीको पि.एच. ६.५ भन्दा कम भएमा चून १५ के.जी.. प्रति कठ्ठाको दरले प्रयोग गर्नुहोस्।
- यो समयमा माछा राखिएका पोखरीमा व्यवस्थापन पक्ष कमजोर भएमा संक्रमित पानी मार्फत माछामा कक्सिडियोसिस रोगको संक्रमण हुनसक्ने भएको हुँदा उपचारका लागि संक्रमित माछाहरुलाई टोलट्राजुरील (Tolltrazuril) १५ एम.जी./के.जी. माछाको शारीरिक तौल बराबर हुने गरी बिहान पहिलोपटक दिने पेलेट दानामा तेल वा पानीसँग मिसाई ७ दिनसम्म खुवाउनुहोस्। रोगको संक्रमण उच्च भएको अवस्थामा, रोगी ट्राउट माछाको आहारा प्रति अरुची भै औषधियुक्त आहारा खुवाउन नसकिने हुँदा, २० लिटर क्षमताको बाल्टी वा बकेटमा पानी हाली त्यसमा ५ के.जी. माछा राखी ३-५ एम.जी. टोलट्राजुरील प्रति लिटर पानीको दरले माछालाई तनावको प्रारम्भिक स्तरमा पुगुन्जेलसम्म डिप उपचार गर्नुहोस्। उपचार पश्चात २-३ घण्टासम्म दाना नदिनुहोस्।
- माछामा लाग्ने आर्ग्युलस (माछाको जुम्रा) को उपचारको लागि आईभरमेक्टीन १ एम.एल. प्रति २० के.जी. माछाको दरले दानामा राखेर लागतार ५ दिनसम्म खुवाउनुका साथै माछाको घनत्व (stocking density) कम गर्ने, पोखरी भित्र ठाँउ-ठाँउमा बाँस गाड्ने र उक्त बाँसलाई ३ दिनको अन्तरमा झिकेर सुकाउने र पोखरीको भित्री डिलमा उम्रेका झारपात सफा राख्नुहोस्।
- यो समयमा रेन्बो ट्राउट माछा भुराको पेटमा पानी जम्ने (Dropsy desease) समस्या देखिने हुँदा यस्तो लक्षण देखिएमा माछाको दानामा ल्यासिक्स ५० मिलिग्राम प्रति के.जी. शारीरिक तौलका दरले सात दिनसम्म बिहानको पहिलो दानामा मिसाई खुवाउनुहोस्।
- माछापोखरीमा एमोनियाको मात्रा बढी भएमा पोखरीमा माछाको घनत्व कम गर्ने, दानाको मात्रा घटाउने, पानीको गहिराई बढाउने, एरेटरको संख्या बढाउने गर्नुहोस्।
- ठूला भुरा (Fingerling) र खाने माछा उत्पादनको लागि सन्तुलित र २५% प्रोटिन भएको दाना शारीरिक तौलको ३-५ प्रतिशतका दरले दैनिक दिनुहोस्।

## घाँसेबाली

- तराई तथा मध्य पहाडमा जै घाँस लगाउने समय भएकोले केन्ट, क्यानाडिन, मदापुनी, कारभिलो, स्वान, करिश्मा, नेत्र, कामधेनु, वुन्डेल, अमुरी, अमृतधारा आदि जातका जै घाँस १०० के.जी. प्रति हेक्टरका दरले र उच्च पहाडमा ओमोही, केन्ट, गणेश र पार्वती जातको जै घाँस १००-१२० के.जी. प्रति हेक्टरका दरले छर्नुहोस्।
- तराई तथा मध्य पहाडमा बर्सिम घाँस लगाउने समय भएकोले मसाकावी, बरदान वि.एल.२२, यु.पि.वि.१०३, र गोल्ड ग्रीन जातका बर्सिम घाँस २०-२५ के.जी. प्रति हेक्टरको दरले छर्नुहोस्।
- तराई तथा मध्य पहाडमा भेच घाँसका जातहरु- नोमाही, रसिना र मोरावा ३५-४० के.जी. प्रति हेक्टरको दरले छर्नुहोस्।

# कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | टिका राम चापागाँई | वागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | chapagaintika@gmail.com | ९८५११३३६१२ |
| २ | नविन गोपाल प्रधान | वागवानी | राष्ट्रिय वागवानी अनुसन्धान केन्द्र, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| ३ | बिभूती पोखरेल | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं | bibhel@gmail.com | ९८४३९३१२८४ |
| ४ | राजेन्द्र कुमार भट्टराई | बाली विज्ञान | राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | rkbhattarai@gmail.com | ९८४३४७२२७० |
| ५ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ६ | डा. प्रदिप साह | बाली विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | pradeep75shah@gmail.com | ९८४५०५१८९७ |
| ७ | सुदीप कुमार उपाध्याय | कीट विज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ८ | डा. अमित प्रसाद तिमिल्सिना | बाली विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | timilsinaamit87@gmail.com | ९८५५०४७७३३ |
| ९ | डा. नारायण पौडेल | पशु स्वास्थ्य | राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार | narayan.paudyal@narc.gov.np | ९८६३३३५०४६ |
| १० | नबिन रावल | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| ११ | प्रेम तिमलसिना | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | p.timalsina01@gmail.com | ९८६९५७९१६७ |
| १२ | ऋषिराम अधिकारी | कृषि सञ्चार | राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, खुमलटार | adhikari_rishi@yahoo.com | ९८४१९७९२८९ |
| १३ | डा. रुपा वास्तोला | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |
| १४ | डा. विरेन्द्र बहादुर राना | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार | biru.deep25@gmail.com | ९८५१२५५३१५ |
| १५ | मुक्ति नाथ झा | कृषि इन्जिनियरिङ्ग | राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार | muktinath2043@gmail.com | ९८६३३८२२५४ |
| १६ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १७ | बरुण पौडेल | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि. अ. बि. | mfddhm@gmail.com | ०१-४११३१९१ |

# अनुसूची -१: नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि

## Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No cloud in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hour |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिंदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at a few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at a some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने संभावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भू-भाग (%) जनाउँदछ। उदाहरणका लागी कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राती) | 6 PM to 6 AM (Next day) |

श्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

# अनुसूची-२: खैरो फड्के कीराको क्षतिको पहिचान र व्यवस्थापन

## कीरा नियन्त्रणको लागी विषादीको प्रयोग कुन बेला गर्ने?

यस कीरालाई धान रोपेको ३० दिनपछि हरेक हप्ता कम्तीमा एक दिन एकपटक धान खेतको निरिक्षण गर्ने र यसरी हेर्दा १ वटा फड्के कीरा प्रति गाँज धानले गाँज हाल्दा देखी धान पोटाउदा सम्म र १० वटा फड्के कीरा प्रति गाँज धान पोटाउन सुरु गरेपछिको अवस्थामा देखिएमा विषादी प्रयोग गर्नुपर्दछ।

## कीराको व्यबस्थापन कसरी गर्ने?

- कीराको प्रकोप देखिन थालेपछि एक हप्ताको अन्तरमा पानी सुकाई दिने।
- कीराको प्रकोप बढ्न लागे पछि सम्पर्क र दैहिक गुण भएका विषादीहरुको १० दिनको अन्तरमा आलोपालो गरी प्रयोग गर्ने। विषादी छनोट गर्दा प्रभाबकारी, नेपालमा दर्ता भएका, प्राकृतिक मित्रुजिबहरुलाई कम घातक हुने खालका बिषादी छनोट गर्ने। विषादीको प्रयोग गर्दा कीट विज्ञ तथा वाली संरक्षण अधिकृतको सल्लाहमा मात्र प्रयोग गर्ने।
- गाँज लाग्ने बेलामा कीराहरु देखिएमा प्रति कठ्ठा सिफारीस गरिएको दानादार विषादी जस्तैः फिप्रोनिल ०.३% जि.आर. विषादी ६०० देखी ७५० ग्राम प्रति कठ्ठाका दरले खेतमा छिपछिपे पानी भएको अवस्थामा छर्ने।
- रासायनिक विषादीहरु जस्तै- इमिडाक्लोपिड १७.८ एस.सी. ४-८ एम.एल. वा थायोमिथोक्जाम २५% एस.जी. ३.२-५ ग्राम वा एसिफेट ७५% एस.एल. १६ एम.एल. वा क्लोरोपाईरिफस ५०% ई.सी १६ एम.एल. वा इटोफेप्रक्स १०% ई.सी ८ एम.एल. वा निटेनपाइराम १०% २-५ एम.एल. प्रति १६ लिटर पानीमा मिसाएर विरुवाको तल्लो भागमा पर्नेगरि छर्ने।



